# प्रेश विज्ञप्ति

## नाट्टाको नेतृत्वमा मित्रराष्ट्र चीनमा Destination Nepal Presentation-2016 को तयारी पूरा

नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को नेतृत्व तथा नेपाल पर्यटन बोर्ड (NTB) एंव नेपाल राजदूतावास, बेइजिङ्गको संयुक्त सहयोगमा यही आगामी आईतबार १० अप्रैल देखि १९ अप्रैल सम्म मित्रराष्ट्र चीनको राजधानी बेइजिङ्ग, एवम् अन्य तीन शहर हाङ्गजाउ, सांघाई तथा चेङ्दुमा B2B, Press–Meet तथा नेपाल बारेको प्रस्तुतिकरण साथ बृहद् प्रवर्द्धन कार्यक्रम गरिने भएको छ । र, त्यसको तयारी पूरा भै सकेको आदरणीय संचारकर्मीज्यूहरुलाई सहर्ष जानकारी गराउन चाहन्छौं ।

नेपालमा गत बर्ष बैशाख १२ गते गएको महाभूकम्प पश्चात् मुलुकको पर्यटन उद्योगमा देखा परेको शिथिलतालाई निराकरण गर्न नाट्टाले यस प्रवर्द्धन कार्यक्रमको परियोजना अघि सारेको थियो । जस्लाई नेपाली पर्यटन व्यवसायीहरुले बडो उत्साहपूर्वक लिनु भयो र नेपाल पर्यटन बोर्डले समेत उपरोक्त चारवटा शहरमा हुने प्रवर्द्धन कार्यक्रमका लागि चीनमा प्रारंभिक तयारी गर्न PR लाई hire गर्ने तथा कार्यक्रम आयोजनार्थ चारवटै शहरका उपयुक्त होटेलहरुको खर्चको व्यवस्था मिलाई दिने सहमति गरी सकेको छ । यस कार्यक्रमलाई संयोजन गर्न नाट्टा कार्यकारी सदस्य श्री शीतल कुमारी शर्मा पौडेललाई संयोजिका मनोनयन गरिएको छ भने नेपाल पर्यटन बोर्डका का.मू निर्देशक श्री सुनील शर्मा पनि स्वयं प्रमण्डलमा सम्मिलित हुनु हुन्छ ।

चीनमा हुने यस नेपाल प्रवर्द्धन अभियानमा २८ जना नेपाली पर्यटन व्यवसायीहरु आफ्नै खर्चमा सहभागि हुनु हुन्छ । नाट्टाद्वारा Air China बाट सहुलियत दरमा हवाई टिकटको व्यवस्था गरिएको छ भने China Tour Int'l Travel Service, Guangzhau लाई अन्य आवश्यक सेवा-प्रदायकका रुपमा hire गरिएको छ ।

कार्यक्रम अनुसार अप्रैल ११ का दिन बेइजिङ्गको Holiday Inn मा बेलुकी ४ बजे देखि ६.३० बजे सम्म नेपाल प्रवर्द्धन कार्यक्रम गरिने निश्चित भै सकेको जानकारी गराउंदछौं । यस कार्यक्रममा नेपाल राजदूतावासबाट राजदूत महामहिम डा. महेश मास्केज्यूको महत्वपूर्ण उपस्थिति रहने र नेपालबारे उहांबाट विशेष प्रस्तुतिकरण हुने छ । साथै, त्यस अवसरमा पर्यटनका लागि नाट्टाका सद्भावनादूत चिनियां रंगकर्मी श्री जिआन मिङ्ग याङ (Ocean) को पनि महत्वपूर्ण उपस्थिति रहने confirm भै सकेको छ । त्यसरी नै अप्रैल १४ को बेलुकी हाङ्गजाउको Best Western Hangzhou Hotel मा हाम्रो कार्यक्रमको पुनराबृत्ति गरिने छ । यस कार्यक्रममा पनि नेपाल राजदूतावासबाट प्रतिनिधित्व रहने छ ।

अप्रैल १५ का दिन हाम्रो प्रवर्द्धन कार्यक्रम चीनको औद्योगिक एवम् व्यवसायिक शहर सांघाईको ग्रांड होटलेमा हुने छ । यस कार्यक्रममा नेपाल राजदूतावासका उच्च स्तरिय प्रतिनिधि एंव नेपालका लागि सांघाई (चीन) का अवैतनिक महाबाणिज्यदूतज्यूको महत्वपूर्ण उपस्थिति रहने निश्चित भै सकेको यहांहरुलाई जानकारी गराउन चाहन्छौं ।

हाम्रो अन्तिम कार्यक्रम अप्रैल १८ का दिन चेङ्दुको Tianfu Sunshine Hotel मा सम्पन्न हुने छ ।

नाट्टाको संयोजकत्वमा सम्पन्न हुन लागेको यो प्रवर्द्धन कार्यक्रम नाट्टाद्वारा संयोजन गरिएको यस बर्षको दोश्रो कार्यक्रम हो पहिलो कार्यक्रम गत जनवरीमा स्पेनको Madrid मा भएको FITUR 2016 थियो । र यस China mission बाट नेपाल आउने चिनियां पर्यटकहरुको संख्या निश्चय पनि अत्याधिक हुन जाने अपेक्षा गरिएको छ ।

पत्रकार एवम् संचारकर्मी मित्रहरु,

चीनमा गरिने हाम्रो यस प्रवर्द्धन अभियानबारे जनसमक्ष नियमित रुपले समाचार सम्प्रेषण गरि दिनु हुन हामी हार्दिक अनुरोध गर्दछौं र नेपालको पर्यटन प्रवर्द्धनमा यहांहरुबाट सदा झैं अत्यन्तै महत्वपूर्ण सहयोग प्राप्त हुने छ भन्ने विश्वास लिइएको सादर अनुरोध गर्न चाहन्छौं । यसका निम्ति नाट्टा सचिवालयले चीनमा भएका प्रवर्द्धन कार्यक्रमहरुबारे कार्यक्रम सम्पन्न भएको भोली पल्टै तस्बीर सहित हामी तपाईहरुलाई प्रेस विज्ञप्ति पठाउने छौं र त्यस्को प्रचार-प्रसारमा तपाईहरुबाट पूर्ण सहयोग हुने छ भन्ने बिषयमा हामी विश्वस्त छौं ।

धन्यवाद,

भीम प्रसाद पन्त
महा सचिव

उपरोक्त कार्यक्रम सम्पन्न गर्न नेपाल पर्यटन बोर्डबाट US $ 34,600 सहयोग हुने भएको छ भने कार्यक्रमका सहभागीज्यूहरुबाट जनही रु १ लाख २८ हजारका दरले खर्च समेटिएको पनि यस सभामा जानकारी गराउंदछौं । नेपाल पर्यटन बोर्डको सहयोग रकम चीनमा सेवा-प्रदायक कम्पनीलाई मष्चभअत भुक्तानी गरिने छ भने सहभागीज्यूहरुबाट उठेको रकमबाट हवाई-भाडा, होटेल र स्थानीय यातायातमा खर्च हुने अवगत गराउंदछौं ।